७२ ब्रोकरको डेटा सेन्टरमा साइबर आक्रमण, नेप्से कारोबार बन्द

■ बोर्डले थाल्यो छानबिन ■ १२ असोजभित्र प्रतिवेदन बुझाउन नेप्सेलाई निर्देशन

राजधानी समाचारदाता
काठमाडौं, ५ असोज

७२ वटा ब्रोकर कम्पनीको कारोबार प्रणाली राखिएको डेटा सेन्टरमा र्‍यान्समवेयर आक्रमण भएपछि नेपाल स्टक एक्सचेन्ज (नेप्से)ले सोमबारको सेयर कारोबार स्थगित गरेको छ। घटनाले एकै डेटा सेन्टरमा ठूलो संख्यामा ब्रोकरको कारोबार प्रणाली निर्भर रहेको नेपालको सेयर बजारको प्राविधिक सुरक्षामाथि प्रश्न उठाएको छ।

७२ ब्रोकरको सर्भर राखिएको डेटा हब प्रालिको पूर्वाधारमा आइतबार बिहान र्‍यान्समवेयर आक्रमण भएको हो। आक्रमणपछि ट्रेड म्यानेजमेन्ट सिस्टम (टीएमएस), सीडीएससीसँग सम्बन्धित प्रणाली, भुक्तानी गेटवेसहित अन्य आपसमा जोडिएका सेवा प्रभावित भएको ब्रोकरको प्रणाली व्यवस्थापन गर्दै आएको वाइको प्रालिले स्टक ब्रोकर एसोसिएसनलाई जानकारी गराएको छ। प्रभावित प्रणालीलाई थप क्षति रोक्न अलग राखिएको छ।

डेटा सेन्टर र नेप्सेको नेटवर्कबीच कनेक्टिभिटी रहेकाले प्रभावित प्रणालीको वास्तविक असर र दायरा नखुलेसम्म कारोबार सञ्चालन गर्दा नेप्सेको कारोबार प्रणालीमा समेत साइबर सुरक्षा, सञ्चालन तथा डेटा सुरक्षासम्बन्धी जोखिम बढ्न सक्ने वाइकोले जनाएको छ। यही जोखिमका कारण ब्रोकर एसोसिएसनले कारोबार स्थगित गर्न नेप्सेलाई आग्रह गरेको थियो।

नेप्सेले ब्रोकर एसोसिएसनको निवेदन र डेटा हबको समस्या समाधान नभएको अवस्थालाई आधार बनाएर धितोपत्र सूचीकरण तथा कारोबार नियमावली, २०७५ को नियम २१(१) बमोजिम सोमबार नियमित कारोबार स्थगित गरेको हो।

नेप्सेले यथास्थितिमा कारोबार सञ्चालन गर्दा आफ्नै कारोबार प्रणालीमा समेत क्षति पुग्न सक्ने जनाएको छ। घटनापछि नेपाल धितोपत्र बोर्डले आवश्यक अध्ययन तथा जाँचबुझ गरी सुधारसहितको प्रतिवेदन पेस गर्न नेप्सेलाई निर्देशन दिएको छ। बोर्डले कारोबार रोक्नुपर्ने अवस्था सिर्जना हुनुको कारण, प्राविधिक समस्या तथा यसबाट उत्पन्न जोखिमबारे अध्ययन गरी यस्ता घटना दोहोरिन नदिन गर्नुपर्ने सुधारसहितको प्रतिवेदन १२ असोजभित्र पेस गर्न नेप्सेलाई निर्देशन दिएको हो। घटनाबारे जानकारी प्राप्त हुनासाथ बोर्डका उपकार्यकारी निर्देशकको नेतृत्वमा पाँच सदस्यीय निरीक्षण टोली खटाइएको छ। टोलीले डेटा सेन्टरमा देखिएको प्राविधिक तथा अन्य समस्या पहिचान गरी ‘कारोबार स्थगन गर्नुपर्ने अवस्था कसरी आयो ?’ भन्नेबारे अध्ययन गर्नेछ।

बोर्डका अनुसार निरीक्षण टोलीको सुझावका आधारमा नेपालको धितोपत्र बजार सुरक्षित, पारदर्शी र व्यवस्थित बनाउन आवश्यक थप सुधारका काम अघि बढाइने छ।

एकै ठाउँमा ७२ ब्रोकरको डाटा

हाल सञ्चालनमा रहेका ९२ कारोबार सदस्य कम्पनीमध्ये ७२ ब्रोकरको कारोबार प्रणाली डाटा हबमा राखिएको छ।

बाँकीमध्ये १९ ब्रोकरले अर्को डेटा सेन्टरको सेवा प्रयोग गर्ने र एक ब्रोकरको आफ्नै डाटा सेन्टर छन्। डाटा सेन्टरमा आएको समस्याले समग्र सेयर बजारको कारोबार नै रोक्नुपर्ने अवस्था आएको हो।

घटनापछि डटा हबले आक्रमण हुनुअघिको ब्याकअप सुरक्षित र अलग राखिएको जनाएको छ। र्‍यान्समवेयर अन्य जोडिएका नेटवर्क तथा प्रणालीमा फैलिन सक्ने सम्भावनाका कारण प्रभावित प्रणाली तत्काल अनलाइनमा नल्याइएको बताइएको छ।

सोमबार साँझसम्म डेटा हबमा क्लिनअपको काम भइरहेको र त्यसपछि परीक्षण गरेर मंगलबारदेखि कारोबार सञ्चालन गर्न सकिने अनौपचारिक जानकारी नेप्सेले गराएको छ। स्टक ब्रोकर एसोसिएसनका उपाध्यक्ष नितेशकुमार अग्रवालले क्लिनअपपछि पुनः जाँच गरेर कारोबार सञ्चालन गर्न सकिने जानकारी आएको बताएका छन्।

नेप्सेका प्रवक्ता मुराहरि पराजुलीले डाटा हबबाट मंगलबार कारोबार सञ्चालन गर्न सकिने विषयमा औपचारिक पत्र प्राप्त नभएको बताएका छन्।

नार्क पुनर्संरचना गर्न समितिको निर्देशन

राजधानी समाचारदाता
काठमाडौं, ५ असोज

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)बाट विकसित प्रविधि र उन्नत नश्ल किसानको खेतसम्म प्रभावकारीरूपमा नपुगेको भन्दै प्रतिनिधिसभाको कृषि तथा प्राकृतिक स्रोत समितिले नार्क पुनर्संरचना गर्न निर्देशन दिएको छ।

समितिले कृषि अनुसन्धानलाई किसानको आवश्यकता, उत्पादन र रोजगारीसँग जोड्दै नार्कको संस्थागत सुदृढीकरण गर्न सरकारलाई निर्देशन दिएको हो।

समितिको सोमबार बसेको बैठकमा नार्कको वर्तमान अवस्था, अनुसन्धान उपलब्धि, प्रविधि विकास तथा हस्तान्तरण, प्रदेश र स्थानीय तहसँगको समन्वय तथा भावी अनुसन्धान रणनीतिबारे छलफल भएको थियो।

बैठकमा समिति सदस्यहरूले नार्कले विकास गरेका प्रविधि र उन्नत नश्ल वास्तविकरूपमा किसानको खेतसम्म पुगे-नपुगेको तथा त्यसबाट किसानले प्राप्त गरेको लाभको अनुगमन र मूल्याङ्कन गर्नुपर्नेमा जोड दिएका थिए।

समितिले नार्कको संगठनात्मक पुनर्संरचना, समयअनुकूल कानुनी सुधार, दक्ष जनशक्ति व्यवस्थापन र अनुसन्धानमा लगानी बढाउनुपर्ने आवश्यकता औंल्याएको छ। रैथाने तथा स्थानीय बाली र बीउ संरक्षणका कार्यक्रम विस्तार गर्न संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य बढाउन पनि समितिले निर्देशन दिएको छ।

कृषि अनुसन्धानलाई नेपालको माटो, भूगोल र हावापानीअनुकूल बनाउनुपर्नेमा पनि समितिका सदस्यहरूले जोड दिएका छन्। कृषि तथा भू-उपयोग नीतिबीच सामञ्जस्य कायम गरी अनुसन्धानका कार्यक्रम सञ्चालन गर्नुपर्ने उनीहरूको सुझाव थियो।

कृषि अनुसन्धानलाई उत्पादन वृद्धि, खाद्य सुरक्षा, आयात प्रतिस्थापन र रोजगारी सिर्जनासँग प्रत्यक्ष जोड्ने गरी कार्यक्रम बनाएर कार्यान्वयन गर्न समितिले सरकारलाई सुझाव दिएको छ। बैठकमा नार्कका कामु कार्यकारी निर्देशक श्रीमत श्रेष्ठले परिषद्को वर्तमान अवस्था, अनुसन्धान उपलब्धि, प्रविधि विकास तथा हस्तान्तरण र प्रदेश तथा स्थानीय तहसँगको समन्वयबारे जानकारी गराएका थिए। उनले नार्कबाट विकसित प्रविधि किसानसम्म पुर्‍याउने, पालिकालाई बीउ तथा फलफूलका बिरुवामा आत्मनिर्भर बनाउने, पशुको उन्नत नश्ल उत्पादन गर्ने र डिजिटल माध्यमबाट कृषि प्रविधि प्रसार गर्ने प्रयास भइरहेको जानकारी दिए।

सुर्खेतमा एथरको एक्सपेरियन्स सेन्टर

राजधानी समाचारदाता
काठमाडौं, ५ असोज

विद्युतीय स्कुटर कम्पनी एथरले सुरखेतमा १६औं एक्सपेरियन्स सेन्टर सञ्चालनमा ल्याएको छ। वीरेन्द्रनगर-१२, एयरपोर्ट चोकमा सञ्चालनमा आएको केन्द्रबाट कर्णाली क्षेत्रका ग्राहकले एथरका विद्युतीय स्कुटर हेर्न, परीक्षण गर्न तथा खरिदपछिको सेवाबारे जानकारी लिन सक्ने छन्।

केन्द्रमा एथरका ४ सय ५० सिरिज र रिज्टा सिरिजका स्कुटर उपलब्ध छन्। ग्राहकले स्कुटरको परीक्षण (टेस्ट राइड) समेत गर्न सक्ने कम्पनीले जनाएको छ। एथर ४५० सिरिजका नयाँ मोडलमा म्याजिक ट्विस्ट, इन्फिनाइट क्रुज र भ्वाइस इन्टर्याक्सनलगायतका सुविधा छन्।

कम्पनीका अनुसार एथरका स्कुटरको ब्याट्रीमा ‘एथर एटसेभेन्टी’ योजनाअन्तर्गत लागू हुने सर्तअनुसार ८ वर्ष वा ८० हजार किलोमिटर, जुन पहिले पुग्छ, त्यस अवधिसम्मको वारेन्टी उपलब्ध छ। ब्याट्रीको स्वास्थ्य ७० प्रतिशतभन्दा कम भएमा लागू सर्तअनुसार ब्याट्री प्रतिस्थापनको सुविधा पनि रहेको कम्पनीले जनाएको छ।

एथरको नेपालस्थित आधिकारिक वितरक वैद्य इनर्जीका अनुसार हाल देशभर १० भन्दा बढी अधिकृत सर्भिस सेन्टर र ५० भन्दा बढी फास्ट चार्जिङ प्वाइन्ट सञ्चालनमा छन्।

बाढी प्रभावितलाई टेलिकमको सेवा नि:शुल्क

काठमाडौं/रास- भोटेकोशी बाढीबाट प्रभावित नागरिकलाई नेपाल टेलिकमले विभिन्न दूरसञ्चार सेवा नि:शुल्क उपलब्ध गराउने भएको छ। रसुवा, धादिङ, गोरखा, चितवन, नुवाकोट र तनहुँका बाढी प्रभावितलाई लक्षित गरी फाइबर, राउटर, सिमकार्ड तथा इन्टरनेट सेवा नि:शुल्क उपलब्ध गराउने व्यवस्था गरिएको हो।

बाढीका कारण क्षति भएका र पुनः प्रयोग गर्न नसकिने एनटी फाइबर केबल तथा राउटर नि:शुल्क उपलब्ध गराई जडान गरिने टेलिकमले जनाएको छ। बाढी प्रभावित क्षेत्रमा रहेका ग्राहकको नाममा रहेको सिमकार्ड पुनः वितरण गरिनेछ। त्यसका लागि ग्राहकले पाँचवटा सम्पर्क नम्बर उपलब्ध गराउनुपर्नेछ। ती नम्बरको अन्तिम प्रयोग स्थान बाढी प्रभावित क्षेत्रमा रहेको हुनुपर्ने तथा सम्बन्धित नम्बरको केवाईसी अद्यावधिक गर्नुपर्ने व्यवस्था गरिएको छ। बाढीका कारण विभिन्न स्थानमा फसेका व्यक्तिसँग सञ्चार सम्पर्क कायम गर्न नेपाली सेनाको समन्वयमा २ सय १० थान सिमकार्ड उपलब्ध गराइएको छ।

यस्तै, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको मुख्य सर्भर र ब्याकअप सर्भरबीच नि:शुल्क कनेक्सनका लागि डार्क फाइबर-फिजिकल कनेक्टिभिटी उपलब्ध गराइएको टेलिकमले जनाएको छ। बाढी प्रभावितलाई मनोवैज्ञानिक सहयोग तथा मनोपरामर्श सेवा दिने मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र-नेपालको टोल फ्री नम्बर १८१०५०००४०२ तीन महिनासम्मको बिल नि:शुल्क गरिएको छ।

रसुवा बाढी प्रभावित क्षेत्रबाट सूचना, क्षति विवरण तथा राहत-उद्धारसम्बन्धी विवरण संकलन र प्रवाह गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई एक वर्षका लागि उच्च गतिको इन्टरनेट तथा प्राविधिक सहयोग उपलब्ध गराइएको टेलिकमले जनाएको छ।

URGENTLY WANTED
WE ARE SEEKING EXPERIENCE STAFF FOR THE FOLLOWING POSITIONS
Gaming Analyst & Technician-12
Requirements:
- Minimum Experience-Analyst 15 years
- Minimum Qualification-10+2 Pass
- Must be able to communicate in English Language
- Priority for Nepali Candidates

Interested candidate may apply with a recent passport size **photograph and C.V within 3 days** in the following address:
BALLY'S CASINO NEPAL
BALLY'S NEPAL Pvt. Ltd
The Malla Hotel, Lainchaur, Kathmandu
Email:hr.ballysnepal123@gmail.com
Ph:-01-4533600, Mobile No:- 9702615771

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड
केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाडौं, फोन नं. ०१ ४५२३४३२, ४५२३४३३
Website: www.primebank.com.np,
E-mail: info@pcbl.com.np, SWIFT: PCBLNPKA

संस्थापक शेयर बिक्री सम्बन्धी सूचना

(प्रकाशित मिति २०८३ आश्विन ०६ गते मंगलवार)

यस बैंकका संस्थापक शेयरधनी मध्ये केहीले आफ्नो नाममा रहेको संस्थापक शेयरहरु बिक्रीको लागि बैंक समक्ष लिखित रुपमा निवेदन दिनुभएकोमा हाल यस बैंकमा कायम इच्छुक संस्थापक शेयरधनीले संस्थापक शेयर खरिद गर्ने जानकारीको लागि मिति २०८३ जेष्ठ २६ गतेको राजधानी राष्ट्रिय दैनिकमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरेकोमा केही संस्थापक शेयरको लागि हाल कायम संस्थापक शेयरधनीबाट शेयर खरिद गर्ने निवेदन नआएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकले यस सम्वन्धमा बैंकहरुलाई जारी गरेको निर्देशन तथा अन्य प्रचलित कानुन बमोजिम उक्त संस्थापक शेयर खरिद गर्न इच्छुक सर्वसाधारणले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस बैंकको कम्पनी सचिवको कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध गर्दछौं । साथै, बिक्री गर्ने संस्थापकहरुको नाम, बिक्री मूल्यका सम्वन्धमा कम्पनी सचिवको कार्यालयमा सम्पर्क गरी बुझ्न हुनसमेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

निक्षेप उपर हकदाबी सम्बन्धि ३५ दिने सूचना

(प्रकाशित मिति २०८३/०६/०६ गते)

तपसिलमा उल्लेखित यस बैंकका खातावालहरुको मृत्यु भएको हुँदा निजहरुको नाममा यस बैंकको निम्न शाखा कार्यालयहरुको खातामा रहेको निक्षेप रकम आफ्नो नाममा भुक्तानी पाउँभनी मृतकका देहाय बमोजिमका हकवालाहरुले यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हक लाग्ने वा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११(२) बमोजिम अग्र प्राथमिकतामा अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सवुत प्रमाण सहित देहाय बमोजिमको शाखा कार्यालयहरुमा हकदावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा निवेदकको निवेदनानुसार भुक्तानी भई जानेछ । म्याद भित्र प्राप्त नभएको र रित नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

तपसिल

क्र. सं.	मृतक खातावालाको नाम	ठेगाना	खाता नं./ बैंकको शाखा	मृत्यु भएको मिति	निवेदकको नाम र मृतकसँगको नाता
१	मृतक : कमला देवकोटा बाबु : गंगा दत्त दवाडी पती : राम हरि देवकोटा ना.प्र.प.नं. : ४०५६७	गोरखा जिल्ला, पालुङटार नगरपालिका वडा नं. ५	१३७०१०००००१५६७१८७३४ ठाँटीपोखरी	२०८३-०५-१०	योगमाया देवकोटा सासुआमा
२	मृतक : नर कुमारी गुरुङ बाबु : देबान्सी गुरुङ पती : रुद्र बहादुर गुरुङ ना.प्र.प.नं. : १०७०	स्याङ्जा जिल्ला, फेदीखोला गाउँपालिका वडा नं. १	०६५०१०००००००५२११८७६८ फेदीखोला	२०८३-०५-१६	बिना गुरुङ छोरी
३	मृतक : दल बहादुर श्रेष्ठ बाबु : बिष्णु मान श्रेष्ठ पत्नी : डम्मर कुमारी श्रेष्ठ ना.प्र.प.नं. : ७९२-६५४६	बागलुङ जिल्ला, बागलुङ नगरपालिका वडा नं. ९	११८०१००००००१४०२०१३३ बागलुङ	२०८३-०४-०४	डम्मर कुमारी श्रेष्ठ पत्नी
४	मृतक : दिवानन्द सुवेदी बाबु : रामकृष्ण सुवेदी पत्नी : इन्द्रा दिक्षित ना.प्र.प.नं. : ०३ १ ०३५ ८७५०१	ईलाम जिल्ला, स न्दकपुर गाउँपालिका वडा नं. ३	२२००१००००००१४५८२०१२४ गोलडुङ्गा	२०८३-०५-१३	इन्द्रा दिक्षित पत्नी
५	मृतक : होमनाथ बराल बाबु : नन्दलाल बराल पत्नी : हिरन्य कुमारी बराल ना.प्र.प.नं. : १२४३	कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २६	१२५०१००००००७१२१८२४५ १२५०१००००००२७७२०१२५ तालचोक	२०८३-०४-१९	हिरन्य कुमारी बराल पत्नी
६	मृतक : दुर्गा देवी निरौला बाबु : जय प्रसाद पोख्रेल पती : रत्न प्रसाद निरौला ना.प्र.प.नं. : ३४२-३०	मोरङ जिल्ला, बेलवारी नगरपालिका वडा नं. २	०९९०१००००००१७२३१८७०१ खोर्सानेे	२०८३-०५-१३	कृष्ण राज निरौला छोरा
७	मृतक : शिव प्रसाद भुसाल बाबु : गिरधारी भुसाल पत्नी : राधिका भुसाल ना.प्र.प.नं. : ३९-०१-८१-०५३८९	पाल्पा जिल्ला, तानसेन नगरपालिका वडा नं. ९	१५६०१००००००१२२१०१६८४ १५६०१००००००३३१८२८२ दमकडा	२०८३-०४-३१	राधिका भुसाल पत्नी

धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, पुतलीसडक शाखाको ७ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८३/०६/०६ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखित ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८१ साल मंसिर महिना ०३ गतेको “नयाँ पत्रिका” राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्ने बारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८१ साल फाल्गुन महिना ०७ गते** तथा **मिति २०८२ साल भदौ महिना ०५ गतेको “राजधानी” राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **२१ दिने सूचना, मिति २०८२ साल मंसिर महिना २४ गतेको “राजधानी” राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **१५ दिने सूचना** तथा **मिति २०८२ साल चैत्र महिना १० गतेको “राजधानी” राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **७ दिने सूचना** प्रकाशित गर्दा उल्लिखित सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखित धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा यस बैंकको कुनै पनि शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिंदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

क्र.सं.	ऋणीको नाम र ठेगाना :
१.	नेपाल सरकार उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २६४११४/७७/०७८ कायम भई मिति २०७८/०३/२० मा दर्ता भएको काठमाण्डौ जिल्ला, शङ्खरापुर न.पा. वडा नं. ०१ नाङ्लेभारे स्थित **आरबी पोल्टी फार्म प्रा.लि.** ।
व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :	
१.	गोकुल कुमार धितालको छोरी, भोला बहादुर वस्ताकोटीको श्रीमती, सिन्धुपाल्चोक जिल्ला, थाङपालधाप गा.वि.स. वडा नं. ३ बस्ने **प्रमिला धिताल** ।
२.	ऋखी प्रसाद वस्ताकोटीको नाति, ग्रिहेराज वस्ताकोटीको छोरा, काठमाण्डौ जिल्ला, शङ्खरापुर न.पा. वडा नं. १ बस्ने **भोला बहादुर वस्ताकोटी** ।
धितो सुरक्षणको विवरण :	
१.	**भोला बहादुर वस्ताकोटी**को नाममा मालपोत कार्यालय चावहिल काठमाण्डौमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, गोकर्ण (गोकर्णेश्वर) गा.वि.स./न.पा. वडा नं. १ स्थित (नक्सा सिट नं. १क) को कित्ता नं. १७०७ को ०-२-३-० (रो-आ-पै-दा) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा कुनै पनि शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
४. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. उल्लेखित चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा शाखा कार्यालय पुतलीसडकमा सम्पर्क गर्न सकिने छ ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ती आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
७. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
८. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
९. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
१०. इच्छुक व्यक्ति/कम्पनी/संस्थाहरूले **मिति २०८३ साल असोज महिना १२ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
११. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :

मिति : २०८३ साल असोज महिना १४ गते ।
स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।
समय : दिनको ३:०० बजे ।

सानिमा बैंक
www.sanimabank.com
‘अलकापुरी’, नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४५२८९६९, ईमेलः sanima@sanimabank.com